# लोक सेवा आयोग

## वार्षिक प्रगति समीक्षाको प्रेस विज्ञप्ती

लोक सेवा आयोग र अन्तर्गतका कार्यालयहरूबाट आर्थिक वर्ष २०७९/८० मा सञ्चालित कार्यहरूको वार्षिक प्रगति समीक्षा लोक सेवा आयोगको केन्द्रीय कार्यालय, कमलपोखरीमा २०८० साल भाद्र ६ र ७ गते सम्पन्न गरिएको छ। २०८० साल भाद्र ६ गते आयोगका माननीय अध्यक्ष श्री माधवप्रसाद रेग्मीले कार्यक्रमको व्यानर लोकार्पण तथा पानसमा दिप प्रज्वलन गरी शुभारम्भ गर्नुभएको थियो। राष्ट्रिय गानबाट शुरू भएको कार्यक्रमको शुभारम्भ सत्रमा आयोगका माननीय अध्यक्ष श्री माधवप्रसाद रेग्मीले निर्देशन मन्तव्य राख्ने क्रममा आयोगको आ.व. २०७९/८० मा लोक सेवा आयोग ऐन, २०७९, नियमावली, २०७९ र कार्य सञ्चालन निर्देशिका, २०७९ स्वीकृत भई लागू भएको, गत विगत आर्थिक वर्षमा विज्ञापन प्रकाशन भई आयोगमा पदाधिकारीको रिक्तता, कोभिडजन्य महामारी, कर्मचारी समायोजन लगायतका विषयमा सम्मानित सर्वोच्च अदालतमा विचाराधिन रिट निवेदन समेतका आधारमा स्थगित परीक्षाहरू मध्ये अधिकांश परीक्षाहरू सम्पन्न भई आगामी दिनमा वार्षिक कार्यतालिका बमोजिम काम गर्न सक्ने अवस्थामा रहेको, पाठ्यक्रम र परीक्षण प्रविधिमा समसामयिक सुधार तथा परिमार्जन गरिएको, कर्मचारी प्रशासन र जनशक्ति खटनपटनमा चक्रिय सरूवा प्रणालीद्वारा यथोचित व्यवस्था मिलाइएको, आयोगको नयाँ रणनैतिक योजना स्वीकृत भई सोको कार्यान्वयनको लागि साधन स्रोत र क्षमता विकासका कार्यक्रम सञ्चालन गर्ने प्रयास भइरहेको लगायतका निर्देशन मन्तव्य व्यक्त गर्नु भएको थियो। साथै आयोगका सचिव श्री राजकुमार श्रेष्ठले गत वर्षको वार्षिक समीक्षामा उठेका विषयहरू आयोगको वैठकको निर्णयबाट कार्यान्वयन भएको, यस प्रगति समीक्षामा उठेका विषयहरू टिपोट गरी कार्यान्वयनको चरणमा लैजाने, आयोगका प्राय सबै जसो काम गोप्य र संवेदनशीलरूपले तोकिएको समयमै गर्नुपर्ने भएकोले सो बमोजिम गर्न र वजेट खर्च गर्दा मितव्ययीता अपनाई आर्थिक अनुशासन कायम राख्ने गरी गर्न निर्देशन दिनु भएको थियो। कार्यक्रममा स्वागत मन्तव्य तथा कार्यक्रमको उद्देश्यमाथि प्रकाश प्रशासन तथा निरीक्षण महाशाखा प्रमुख (सहसचिव) श्री गीताकुमारी होमेगाईले गर्नु भएको थियो।

कार्यक्रमको दोस्रो भागको प्रस्तुति सत्रको सुरुमा गत आर्थिक वर्षको वार्षिक समीक्षा (आ.व. २०७८/७९) मा उठेका विषय र कार्यान्वयनको अवस्थाको बारेमा सहसचिव श्री गीताकुमारी होमेगाईले प्रस्तुत गर्नु भएको थियो। यस पछि आयोगको क्रमशः प्रशासन तथा निरीक्षण महाशाखा, परीक्षण प्रविधि, पाठ्यक्रम तथा अनुसन्धान महाशाखा, अन्तर्वार्ता तथा सिफारिस महाशाखा, कानुन महाशाखा, सुरक्षा निकाय तथा संगठित संस्था महाशाखा र परीक्षा महाशाखाको प्रस्तुति सम्बन्धित महाशाखा प्रमुख (सहसचिव) हरूले गर्नु भएको थियो। महाशाखाहरूको प्रस्तुतिमा आयोगको महाशाखा र अन्तर्गतका शाखाहरूबाट आ.व. २०७९/८० मा सम्पादित कार्यहरू, आयोगबाट भएका निर्णयहरू, कार्यक्रम सञ्चालन गर्दा भोग्नु परेका समस्या, केही छलफलका मुद्दा (विषय) हरू, समस्या समाधानका उपाय तथा आगामी कार्यदिशा आदि विषयहरू समेटिएको थियो। यसपछि आयोग अन्तर्गतका कार्यालयहरू क्रमशः धनकुटा, जलेश्वर, काठमाडौ, पोखरा, बुटवल, सुर्खेत, दिपायल, इलाम, खोटाङ र हेटौंडा कार्यालयको प्रस्तुति र सो उपर छलफल गरिएको थियो। कार्यक्रमको दोस्रो दिन २०८० साल भाद्र ७ गते आयोगका कार्यालयहरू क्रमशः बाग्लुङ, दाङ, जुम्ला, महेन्द्रनगर कार्यालय र दरखास्त व्यवस्थापन केन्द्रको प्रस्तुति र सो उपर छलफल गरिएको थियो। कार्यालयहरूको प्रस्तुतिमा कार्यालयको जनशक्ति र भौतिक पूर्वाधारको अवस्था, वित्तीय प्रगति (वजेट विनियोजन, खर्च, राजश्व संकलन, वेरूजुको अवस्था आदि), परीक्षा कार्यक्रम (परीक्षा सञ्चालन, नतिजा तयारी, अन्तर्वार्ता र सिफारिस समेत) को प्रगति, कार्य सम्पादनको क्रममा देखिएका समस्याहरू समाधानका उपायहरू तथा भावी कार्य दिशा, आयोगको समग्र सुदृढीकरणका लागि चाल्नु पर्ने कदमहरू आदि विषय समावेश गरिएको थियो। कार्यालयहरूको प्रस्तुतिमा तोकिएका परीक्षा कार्यक्रमहरू समयमै सम्पन्न गरिएको, दरबन्दी बमोजिम पद पूर्ति भएको, वित्तीय प्रगति ८० प्रतिशत भन्दा माथि रहेको, कुनै पनि प्रकारको बेरूजु नरहेको जस्ता विषयहरू औंल्याइएको थियो। कार्यालयहरूबाट प्रस्तुत गरिएका समस्यामा अधिकांश कार्यालय भवन तथा परीक्षा हल, पुराना र जीर्ण भई कार्यसम्पादनमा समस्या रहेको, सवारी साधन बिग्रेको अवस्थामा रहेको र पुराना भएकोले परीक्षा सञ्चालनमा कठिनाई उत्पन्न भएको, मेसिनरी औजार, सोलार सिष्टम पुराना तथा जिर्ण अवस्थाको हुँदा परीक्षा सञ्चालनमा कठिनाई उत्पन्न भएको आदि समस्या औंल्याइएको थियो। कार्यालयको प्रस्तुति पश्चात आ-आफ्नो महाशाखासँग सम्बन्धित विषयहरूमा सम्बन्धित महाशाखा प्रमुखहरूले बुँदागत रूपमा स्पष्ट पार्नु भएको थियो। कार्यक्रमको समापन सत्रमा आयोगका सचिव श्री राजकुमार श्रेष्ठले कार्यालयहरूबाट उठान गरिएका विषयको सम्बोधन गर्दै प्रभावकारी रूपमा कार्यसम्पादन गर्न निर्देशन दिनु भएको थियो। कार्यक्रमको अन्तमा निर्देशनयुक्त समापन मन्तव्य व्यक्त गर्ने क्रममा आयोगका माननीय अध्यक्ष माधवप्रसाद रेग्मीले कार्यालयहरूले सन्तोषजनक रूपमा काम गरेको, आयोगको रणनैतिक योजना बमोजिमका कार्यहरू समयमै सम्पन्न गर्न स्रोत साधनको खोजी भइरहेको, आयोगको योग्यता, स्वच्छता र निष्पक्षताको मूल मर्म बमोजिम थप संवेदनशिल तथा जिम्मेवार भई कार्यसम्पादन गर्न निर्देशन दिनु भएको थियो।

तोयनारायण सुवेदी
सहसचिव एवम् प्रवक्ता

२०८० साल भाद्र ८ गते